# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसद्ले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५७ सालको ऐन नं. ११

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "नेपाल खानेपानी संस्थान (दोस्रो संशोधन) ऐन, २०५७" रहेकोछ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २ मा संशोधन : नेपाल खानेपानी संस्थान ऐन, २०४६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१.३ पछि देहायको उपदफा २.१.३क थपिएकोछ :-

"२.१.३क "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।"

३. मल ऐनमा दफा ५क., ५ख. र ५ग. थप : मूल ऐनको दफा ५ पछि देहायका दफा ५क., ५ख. र ५ग. थपिएका छन् :-

"५क. संस्थानले गरेको वा गर्नु पर्ने कुनै काम करारमा दिन सकिने :-

५क१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले यस ऐन बमोजिम संस्थानले गर्नुपर्ने वा गरिरहेको कुनै कामको सम्बर्द्धन, व्यवस्थापन वा सञ्चालन निजी क्षेत्रको कुनै संस्थाद्वारा गराउन आवश्यक देखेमा समितिको सिफारिसमा सो काम त्यस्तो संस्थालाई करारमा दिन सक्नेछ । त्यसरी कुनै संस्थालाई करारमा काम गर्न दिंदा सो कामसंग सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

संस्थानको स्वामित्वमा रहेको वा जिम्मामा रहेको कुनै संरचना, उपकरण तथा सम्पत्ति त्यस्तो संस्थाले प्रयोग गर्न पाउने गरी दिन सक्नेछ ।

५क२ उपदफा ५क१ बमोजिम करार गर्ने संस्थाले प्रयोग गर्न पाउने संस्थानको स्वामित्वमा रहेको वा जिम्मामा रहेको संरचना, उपकरण तथा सम्पत्ति, करार कायम रहने अवधि, करार गर्ने पक्षहरुले करार बापत पाउने प्रतिफल र तत्सम्बन्धी अन्य कुराहरु करारमा उल्लेख भए बमोजिम हुनेछ ।

५क३ उपदफा ५क१ बमोजिम करार गर्ने संस्थाले प्रयोग गरेको संस्थानको स्वामित्वमा रहेको वा जिम्मामा रहेको कुनै संरचना, उपकरण तथा सम्पत्ति करारको अवधि समाप्त भएपछि करारमा तोकिएको शर्त बमोजिम संस्थानलाई फिर्ता गर्नु पर्नेछ ।

५क४ उपदफा ५क१ बमोजिम करारद्वारा काम गर्न दिइएको व्यवस्थालाई निजीकरण ऐन, २०५० बमोजिम निजीकरण गरिएको मानिने छैन ।

५ख. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : दफा ५क. बमोजिम करार भएकोमा करार गर्ने संस्थासंग करारमा उल्लिखित कामसंग सम्बद्ध संस्थानका कर्मचारीहरु करारमा उल्लिखित अवधिभर संस्थामै पदाधिकार राखी त्यस्तो संस्थामा सोही संस्थाबाट पारिश्रमिक तथा सुविधा पाउने गरी कार्यरत रहन सक्ने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर करार गर्ने संस्थाले करार बमोजिम लिएको कामसंग सम्बद्ध संस्थानका कर्मचारी लिन नचाहेमा वा त्यस्तो कर्मचारीले सम्बन्धित संस्थामा काम गर्न नचाहेमा संस्थानले त्यस्तो कर्मचारीलाई संस्थानको अन्य काममा लगाउन वा तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिम उपदान दिई सेवाबाट अवकाश दिन सक्नेछ ।

५ग. <u>कर तथा दस्तुर छुट र सटही सुविधा दिन सकिने</u> : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ५क. बमोजिम करार गर्ने संस्थालाई करारमा उल्लिखित कामको लागि आयकर, भन्सार वा अन्य कुनै दस्तुर छुट दिन र विदेशी मुद्रा सटही सुविधा प्रदान गर्न सक्नेछ ।"

लालमोहर सदर मिति:- २०५७।८।२१।४

आज्ञाले,

उदयनेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।